कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा,पर्वत

पत्र संख्या :- ०८०/०८१
चलानी नम्वर

गण्डकी प्रदेश, नेपाल

# राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

(दोस्रो पटक सूचना प्रकाशन मिति -२०८१ बैशाख ०९ गते )

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको चालु आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपन्न महिलाहरुको उद्यमशिलताको विकासको माध्यमवाट आर्थिक सशक्तिकरण गर्दै जिवनस्तरमा सुधार ल्याउने उद्देश्यले कुश्मा नगरपालिकामा सशर्त अनुदानको रुपमा प्राप्त जिविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नका लागि राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड २०७७ बमोजिमको रित पुगेका महिला सहकारी तथा अन्य संघ संस्थाहरुले दोस्रो पटक प्रस्ताव आह्वान भएको मितिले ७ दिन भित्रमा देहाएको कागजात सहित कुश्मा नगरपालिकाको कार्यलयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**महिला सहकारी तथा अन्य संघ संस्थाहरुले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. संस्थाको विधान ,परिचय, कार्य संचालन प्रकिया ,भौतिक तथा वितिय स्रोत सम्बन्धी विवरण
२. प्रस्तावित व्यवसायको अवधारणा पत्र ,व्यवसायको क्षेत्र ,तालिम अवधी र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।
३, २५जना सहभागीको लागि कम्तिमा ५ दिनको सीप विकास तालिमको व्यवसायिक कार्ययोजना
४. प्रचलित कानुन बमोजिम संस्था दर्ता र नविकरण प्रमाण पत्र प्रतिलिपी
५. कर दाखिला गरेको प्रमाण पत्र वा करचुक्ता प्रमाणपत्र प्रतिलिपी
६ .अघिल्लो वर्षको लेखा परिक्षण सम्पन्न भएको प्रतिवेदन
७.प्रस्तावित कार्यक्रममा संस्थाको योगदान अंश अन्य निकायवाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीका स्रोत सहितको यथार्थ विवरण
८. कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व घोषणा
९ .विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी तयार गरिएको सम्भाव्यता तथा सोको कार्ययोजना सहितको प्रस्ताव ।

- प्रस्ताव पेश गर्दा मापदण्डको अनुसूची -२अनुसारको ढाँचामा पेश गर्नुपर्नेछ ।
- राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड २०७७महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेबसाईट www.mowcsc.gov.np मा हेर्न सकिनेछ ।

२०८१/०१/०३
प्रमुख प्रशासकीय अधिकृत